यस प्रदेशमा निजामती सेवा दिवस, २०७५ को उपलक्ष्यमा देहाय बमोजिमका कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं. १. प्रदेश नं.५ का प्रमुख सचिव डा. तीर्थराज ढकालको अध्यक्षतामा निजामती सेवा दिवस, २०७५ लाई विशेष रुपमा मनाउनका लागि देहाय अनुसारको प्रदेशस्तरीय निजामती सेवा दिवस मूल समारोह समिति गठन गर्ने।

| | | |
|---|---|---|
| प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - | संयोजक |
| सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (बै.प्र.) | - | सदस्य |
| सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | - | सदस्य |
| सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - | सदस्य |
| सचिव, सामाजिक विकास मन्त्रालय | - | सदस्य |
| सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | - | सदस्य |
| सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | - | सदस्य |
| सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | - | सदस्य |
| सचिव, प्रदेश प्रमुखको कार्यालय | - | सदस्य |
| उपसचिव, प्रदेश सभा सचिवालय | - | सदस्य |

निर्णय नं. २. "नतिजामुखी प्रशासनः समृद्धि र सुशासन" भन्ने नाराका साथ मनाउन लागिएको निजामती सेवा दिवसको उपलक्ष्यमा प्रदेशस्तरीय मन्त्रालय एवम् निकायले उक्त नारा प्रष्ट देखिने गरी आफ्नो निकायको मूल ढोकामा राख्ने व्यवस्था गर्ने।

निर्णय नं. ३. निजामती सेवा दिवसको उपलक्ष्यमा २०७५ भदौ २१ गते दिनको ४:०० बजे देखि ६:०० बजेसम्म प्रदेशस्तरीय सबै निकायले आफ्नो कार्यालय परिसर वरपर सरसफाई गर्ने कार्यक्रम आयोजना गर्ने।

निर्णय नं. ४. मिति २०७५।५।२२ गते बुटवल मैनावगरस्थित वृद्धाश्रममा फलफूल वितरण गर्ने। यस कार्यक्रमको संयोजन सामाजिक विकास मन्त्रालयले गर्ने।

निर्णय नं. ५. निजामती सेवा दिवसको उपलक्ष्यमा मिति २०७५ भदौ २१ र २२ गते सबै निकायमा साँझ दिपावली गर्ने, गराउने ।

प्रमुख सचिव

निर्णय नं. ६. "नतिजामुखी प्रशासन, समृद्धि र सुशासन" भन्ने शीर्षकमा प्रदेश अन्तर्गतका कर्मचारीहरुवीच कविता प्रतियोगिता आयोजना गर्ने। यस कार्यक्रमको संयोजन सामाजिक विकास मन्त्रालयले गर्ने।

निर्णय नं. ७. बुटवलस्थित बुटवल एफ.एम. मा प्रदेशस्तरीय कर्मचारीका समस्या, चुनौती र अवसरका विषयमा ३० मिनेटको परिसम्बाद कार्यक्रम आयोजना गर्ने। सोको संयोजन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने।

निर्णय नं. ८. निजामती सेवा दिवसका दिन (भदौ २२ गते) आन्तरिक मामिला तथा कानून मन्त्रालयमा उक्त मन्त्रालयकै संयोजनमा मूल समारोह समितिको कार्यक्रम आयोजना हुने।

निर्णय नं. ९. मन्त्रालय तथा निकायहरुले आवश्यकता अनुसार मन्त्रालयगत/निकायगत कार्यक्रम तयार गरी संचालन गर्न सक्नेछन्। यस्ता कार्यक्रम मूल समारोह समितिलाई जानकारी गराउनुपर्नेछ।

०७५/५/१९

प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
प्रदेश नं. ५
बुटवल, नेपाल